# श्रम तथा रोजगार मन्त्रालय

मन्त्रालय र मातहतसमेत ४१ निकायको यो वर्ष विनियोजन रु.८९ करोड ४१ लाख, राजस्व रु.७१ करोड ५० लाख, धरौटी रु.१ अर्ब ६४ करोड ८३ लाख र अन्य कारोबार रु.१ अर्ब ६३ करोड ८५ लाखसमेत रु.४ अर्ब ८९ करोड ५९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखापरीक्षण –** मन्त्रालयले रोजगार प्रवर्द्धन कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम संगठनलगायत २ संस्थाबाट सीधै भुक्तानी भएको रु.२५ करोड ५० लाख ४२ हजारको यो वर्ष पनि लेखापरीक्षण गराएको छैन । उक्त रकमको लेखापरीक्षण गराउनुपर्दछ।

२. **राष्ट्रियस्तरको कल्याणकारी कोषः** वोनस ऐन, २०३० बमोजिम कोषमा २०७३ आषाढसम्म प्रतिष्ठानहरुबाट प्राप्त वोनसबपतको रु.१० अर्ब ६ करोड ४६ लाख ८३ हजार मौज्दात रहेको देखिन्छ । कोषले प्रत्येक प्रतिष्ठानबाट प्राप्त हुनुपर्ने, प्राप्त भएको र प्राप्त हुन बाँकी रकम खुलाई लेखा राख्नुपर्ने र रकम प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्नेमा यो वर्ष पनि बैङ्कमा दाखिला भएको रकमलाई आम्दानी देखाएको छ। मौज्दात रकम कार्यविधि बनाई श्रमिकहरुको हितमा खर्च गर्नुपर्दछ।

## वैदेशिक रोजगार विभाग

३. **मुद्दती निक्षेप -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २५ मा नगद धरौटीमध्ये ७५ प्रतिशत रकम विभागले कुनै वाणिज्य बैङ्कमा मुद्दती खाता खोली सो रकमको परिचालन गर्नुपर्ने उल्लेख छ । गत वर्षको जिम्मेवारी र मुद्दती खाताको रकमसमेत २०७२ आषाढमा रु.७७ करोड ९७ लाखमध्ये सार्वजनिक सूचना प्रकाशन गरी बढी ब्याज कबोल गर्ने बैङ्कमा रकम जम्मा नगरी विभिन्न ६ बैङ्कमध्ये ४ मा रु.३४ करोड ६ प्रतिशतमा र २ बैङ्कमा रु.१६ करोड ६२ लाख ५.७५ प्रतिशत वार्षिक ब्याज दरमा मुद्दती खातामा जम्मा गरेको छ । सो बाहेक अर्को एक बैङ्कमा २०७२।४।१९ को निर्णयानुसार रु.१० करोड ६ प्रतिशत ब्याजमा राखेकोमा ६ महिनापछि सोही बैङ्कमा ४ प्रतिशत ब्याजमा रु.५ करोड राख्ने सम्झौता गरेको पाइयो । धरौटी वापतको सो रकम प्रतिस्पर्धात्मक विधि अपनाई जोखिम रहित उच्च प्रतिफल हुने बैङ्कमा राखी रकमको परिचालन गर्नुपर्दछ । बैङ्कसँग भएको सम्झौताबमोजिम त्रैमासिक रुपमा ब्याज रकम वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषको चल्ती खातामा जम्मा गर्नुपर्ने, सो नगरेमा प्रति दिन ब्याज रकमको ०.०५ प्रतिशत विलम्ब शुल्क बुझाउनुपर्ने उल्लेख भएकोमा सोको पालना समेत भएको छैन ।

४. **निःशुल्क हवाई टिकट तथा भिसा -** श्रम तथा रोजगार राज्यमन्त्रीस्तरको २०७२।२।२६ कोनिर्णयमा निःशुल्क हवाई टिकट तथा भीसा व्यवस्था २०७२।३।२१ वाट लागु हुने उल्लेख छ । सो निर्णयअनुसार बहराइन, कतार, साउदी अरव, संयूक्त अरव इमिरेट्स, ओमन, कुवेत र मलेसियाको लागि रोजगार दाता कम्पनीले भिसा खर्च, आतेजाते हवाइ टिकट निःशुल्क उपलब्ध गराई सोबापत लाग्ने प्रर्वद्धन खर्च तथा सेवा शुल्कबापत रु.१० हजारसम्म मात्र वैदेशिक रोजगार कम्पनीले लिन पाउने देखिन्छ ।

यस सम्बन्धमा विभागबाट प्राप्त २ वर्षको तथ्याङ्क विश्लेषण गर्दा सो नीति लागु हुनुपूर्वको अवधि (२०७१।२।३० देखि २०७२।३।३०) मा ७ मुलुकमा विभागले ईजाजतवाला कम्पनीहरुलाई १३ लाख ७० हजार ५७० कामदार पठाउन पूर्वस्वीकृत दिएकोमा ५ लाख २ हजार ३०७ (३६.६४ प्रतिशत) ले विदेश जान अन्तिम स्वीकृति पाएका छन् भने सो नीति लागू भएपछि (२०७२।२।३० देखि २०७३।३।३१) १२ लाख ४७ हजार ६३२ कामदारको लागि पूर्वस्वीकति दिएकोमा ३ लाख ८८ हजार ४३० (३१.१३ प्रतिशत) कामदारले विदेश जाने अन्तिम स्वीकृति पाएका छन् । उक्त नीति लागू हुनुपूर्वको तुलनामा नीति लागू भए पश्चात् स्वीकृति प्राप्त गर्ने कामदारको संख्या १ लाख २२ हजार ९३८ घटी रहेको छ । सोही अवधिमा अन्तिम स्वीकृति प्राप्त गर्ने संख्यासमेत १ लाख १३ हजार ८७७ कम रहेकोले सो व्यवस्था लागू भएपछि वैदेशिक रोजगारमा जानेको संख्या घट्दै गएको पाइयो ।

निःशुल्क हवाई टिकट तथा भिसासम्बन्धी व्यवस्था कामदारको हितमा रहे तापनि सो नीति कार्यान्वयनमा ल्याउनुपूर्व सम्बन्धित रोजगारदाता मुलुकसँग सोही अवधारणअनुरुप श्रम सम्झौता गर्नेतर्फ पर्याप्त गृहकार्य भएको देखिएन । सम्बन्धित मुलुकसँग सम्झौता गरी कामदारको उजुरी/गुनासोलाई समयमै निराकरण गर्ने र उल्लिखित नीतिबाट कामदार लाभान्वित भएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ ।

५. **सामाजिक सुरक्षा कोष - ब**जेट वक्तव्य २०६६।६७ ले व्यवस्था गरे अनुसार सरकारी निकायहरु, बोर्ड समिति, केन्द्र, सार्वजनिक संस्थान तथा निजी क्षेत्रका प्रतिष्ठानमा कार्यरत व्यक्तिहरुबाट एक प्रतिशतका दरले सामाजिक सुरक्षा कर असुल गरी बेरोजगार बीमा योजना, रोजगारीमा घाइते वा दुर्घटना बीमा योजना, प्रसूति बीमा योजना, आश्रित बीमा योजनालगायत ९ किसिमका सामाजिक सुरक्षा कार्यक्रममा खर्च गर्ने व्यवस्था गरेकोमा सोसम्बन्धी ऐन तर्जुमा नहुँदा यस वर्षको रु.३ अर्ब २६ करोड ७६ लाखसमेत हालसम्म कोषअन्तर्गत असुल भएको रु.११ अर्ब ३५ करोड ५८ लाख कोषको उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च हुन नसकेको अवस्था छ । साथै कट्टा गरेको सो रकम कोषको छुट्टै खातामा जम्मा नभई राजस्व खातामा रहेको छ ।

## सीप विकास तालिम केन्द्र

६. **कर्मचारी दरबन्दी तथा नियुक्ति -** तालिम केन्द्र २०३४ सालमा स्थापना भए तापनि केन्द्रको दरबन्दी हालसम्म पनि सामान्य प्रसासन मन्त्रालयमा दर्ता भएको छैन । विभागस्तरीय कार्यालयको रुपमा सञ्चालन हुँदै आएको केन्द्र मातहत १५ कार्यालय रहे तापनि स्थायी संगठन एंव संरचना नबनाई अस्थायी रुपमा सञ्चालन हुँदै आएको छ । केन्द्रले करारको कर्मचारी नियुक्ति गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ अनुसार प्रतिस्पर्धाको आधारमा छनौट तथा नियूक्ती गर्नुपर्नेमा यो वर्षमात्र करारमा ३८ र अस्थायी २९ कर्मचारी नियमावलीले तोकिएको प्रक्रियाबेगर म्याद थप गरी तलब भत्तामा खर्च लेखेको छ ।

कार्यालयको अत्यावश्यक कामको लागि मात्र नियमानुसार करारमा कर्मचारी भर्ना गर्न सकिने भए तापनि केन्द्रमा नियुक्त ४ कर्मचारीलाई अन्य कार्यालयमा काम लगाई यो वर्ष रु.९ लाख ९७ हजार खर्च लेखेको छ । करारमा नियुक्त कर्मचारी अन्यत्र कार्यरत रहने र केन्द्रबाट खर्च व्यहोर्ने कार्य नियमसम्मत तथा औचित्यपूर्ण देखिँदैन ।

केन्द्रले कर्मचारी सेवा शर्तसम्बन्धी नियमावली तर्जुमा गरी सो आधारमा सेवा सुविधा दिनुपर्नेमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७० लाई आधार मानी अवकाश भएका अस्थायी कर्मचारीलाई उपदान, सञ्चित बिदा र औषधि उपचार रकमबापत यो वर्ष रु.६८ लाख ९९ हजार खर्च लेखेको छ । कानुनी व्यवस्था मिलाई खर्च व्यवस्थापन गर्नुपर्दछ ।

७. **रोजगार अनुमति प्रणाली -** रोजगार अनुमति प्रणाली (इ.पी.एस.) मार्फत कोरिया जाने कामदारहरुलाई प्रारम्भिक शिक्षा दिने कार्यको लागि २०६५।३।८ मा विभाग र केन्द्रबीच भएको सम्झौताअनुसार ई.पी.एस. तालिम शुल्क बापत प्रतिव्यक्ति शुरुमा अमेरिकी डलर ७० र हाल ६३ का दरले हुने रकम बैङ्कमा खाता खोली जम्मा गर्ने गरेको छ । सङ्कलित रु.५ करोड २१ लाख १५ हजार सङ्कलन भएकोमा नाम खुल्ने विवरण पेश हुन आएन । नियमअनुसार स्वीकृत ढाँचामा स्रेस्ता नराखी बैङ्क विवरणका आधारमा मात्र आम्दानी देखाएको छ । सङ्कलित रकमको आय–व्ययको हालसम्म आन्तरिक लेखापरीक्षणसमेत भएको छैन ।

## वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

८. **अभिलेख तथा खर्च -** वैदेशिक रोजगार नियमावली, २०६४को नियम २६(१) मा वैदेशिक रोजगारमा जाने कामदारहरुबाट प्रतिव्यक्ति रु.१ हजारका दरले रकम लिई वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्ने र सो रकम कामदारको सहयोगमा खर्च गर्न सकिने व्यवस्था छ । यो वर्ष कोषको आम्दानी रु.४ अर्ब ५ करोड ६४ लाखमध्ये रु.३४ करोड २४ लाख खर्च भई रु.३ अर्ब ७१ करोड ४० लाख मौज्दात रहेको छ । कोषबाट करारका कर्मचारीको तलबमा रु.२२ लाख ५१ हजार, नेपाली राजदूतावास कोरियामा गाडी खरिदमा रु.३७ लाख ९७ हजार, विदेश भ्रमणमा रु.१ लाख २७ हजार र राज्यमन्त्रीको विदेशमा होटल खर्चबापत रु.४ लाख ६४ हजार समेत रु.६६ लाख ३९ हजार खर्च गरेको छ । उद्देश्य र कार्यक्षेत्र विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका १९ निकायको लेखापरीक्षणबाट रु.९ करोड ४६ लाख ३६ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नभएकोले बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ८८ लाख ५४ हजार पेश्की बेरुजू रहेको छ ।